Annex : 4

# होटल तथा लज सर्भेक्षण २०६० को लगत सूचि भर्ने

# निर्देशिका

श्री ५ को सरकार
**राष्ट्रिय योजना आयोगको सचिवालय**
**केन्द्रीय तथ्याङ्क बिभाग**
रामशाहपथ, थापाथली
काठमाण्डौ

फोन नं.४२५२४७९, ४२४५९४६, ४२४५९४७, ४२४५९४८
फयाक्स नम्वर ९७७-१-४२२७७२०

# होटल तथा लज सर्भेक्षण २०६० को लगत सूचि भर्ने

# निर्देशिका

केन्द्रीय तथ्याङ्क विभाग उद्योग प्रतिष्ठान गणना एव सर्भेक्षण शाखा वाट आर्थिक वर्ष २०६०।६१ मा गरिने होटल तथा लज सर्भेक्षण कार्यको लागि सम्पूर्ण होटल तथा लजहरुको लगत सूचि तयार पार्न यो निर्देशिका तयार गरिएको हो ।

## लगत सूचिमा पर्ने होटल तथा लजहरुको परिभाषा

होटल तथा लज भन्नाले एउटै आर्थिक तथा प्रशासनिक नियन्त्रणमा रही खाने, सुत्ने अथवा सुत्ने मात्र प्रवन्ध भएका संगठित निकायलाई वुझाउँदछ ।

## लगत सूचिमा समावेश हुनु पर्ने होटल तथा लजहरु

नेपाल अधिराज्य भर संचालनमा रहेका होटल तथा लजहरु मध्ये कम्तिमा १ जना तलवी कामदार संलग्न भएका होटल तथा लजहरुलाई यो लगत सूचिमा समावेश गर्नु पर्ने छ । तलवी कामदार भन्नाले मासिक वा एक मुष्ट वार्षिक रुपमा पाउने पारिश्रमिक तोकिएको हुनु पर्ने छ ।

होटल तथा लजहरु छरिएर रहेका हुँदा यिनिहरुको लगत सूचि तयार गर्ने काम जटिल देखिन्छ । तसर्थ परिभाषामा परेका होटल तथा लजहरु नछुटुन भन्ने अभिप्रायले तथ्यांक संकलनको लागि खटिने कर्मचारीहरुले निम्नानुसार संकलन कार्य गर्नु पर्दछ ।

१. नगरपालिकाको सवै वडाहरुमा लगत सूचि संकलन कार्य गर्ने ।
२. नगरपालिका नभएका जिल्ला सदरमुकाम रहेका गा.वि.स.का सवै वडाहरुमा लगत सूचि संकलन गर्ने ।
३. पर्यटक-स्थल, स्थानिय वजार भएका क्षेत्रवाट लगत सूचि संकलन गर्ने ।
४. सडक आसपासका वजारहरुमा लगत सूचि संकलन गर्ने ।
५. माथि उल्लेख गरिएका वाहेक अन्य स्थानमा विभिन्न माध्यमहरुवाट वुझेर मात्र लगत सूचि संकलन गर्न जाने ।

उपरोक्त अनुसार भए सम्म कम खर्चिलो तरिकाले कम समयमै लगत सूचि तयार गर्ने तर्फ ध्यान दिनु जरुरी हुन्छ ।

# लगत फाराम भर्ने निर्देशिका

**लगत सूचि फाराम निन्नानुसार भर्नु पर्दछ ।**

**जिल्ला** :

लगत सूचि फाराम भर्ने सम्वन्धित जिल्लाको नाम उल्लेख गर्नु पर्दछ ।

**१. सि.नं. :**

यस महलमा क्रमानुसार अंक दिदै जानु पर्दछ ।

**२. होटल तथा लजको नाम :**

यस महल अन्तर्गत सम्वन्धित होटल तथा लजको नाम उल्लेख गर्दा साइनवोर्डमा उल्लेख भए अनुसारको अथवा साईनवोर्डमा नभएमा जुन नामवाट रजिष्टर्ड भै सञ्चालन भएको छ सोहि नाम उल्लेख गर्नु पर्दछ । त्यस्तो नाम पनि नभएमा होटल तथा लज सञ्चालन गर्ने व्यक्तिसंग सम्पर्क गरी नामाकरण गर्ने ।

**होटल तथा लजको स्तर,वर्गिकरण, कोठा संख्या, बेड संख्या**

**३. स्तर :**

यस महल अर्न्तगत होटल कुन स्तरको हो सो खुलाउनु पर्नेछ । होटलको स्तर भन्नाले निम्न अनुसारको हुनेछ ।

(१) स्टार होटल

(२) रिजोर्ट

(३) नन्स्टार होटल

उक्त महलमा जुन स्तरको होटल हो सोही नम्बर उल्लेख गर्नु पर्नेछ ।

जस्तै :

| | |
|---|---|
| स्टार होटल हो भने | १ |
| रिजोर्ट भए | २ |
| नन्स्टार होटल भए | ३ लेख्ने । |

**४. वर्गिकरण :**

स्टार होटल, रिजोर्ट र नन्स्टार होटलको वर्गिकरण निम्न प्रकारले गरिएको छ ।

१. स्टार होटल

स्टार होटल भन्नाले पर्यटन उद्योग महाशाखाको मापदण्ड अनुसार खोलिएका होटलहरुलाई बुझाउंछ । जस अनुसार स्टार होटललाई पांच भागमा वर्गिकरण गरिएको छ ।

१ एकतारे होटल
२ दुईतारे होटल
३ तीनतारे होटल
४ चारतारे होटल
५ पाँचतारे होटल

१ एकतारे होटल

एकतारे होटल भन्नाले पर्यटन उद्योग महाशाखाले तोके बमोजिम कम्तिमा निम्न सुविधाहरु भएको होटललाई बुझाउंछ ।

१. १५ कोठा भएको ।
२. होटलमानै रेष्टुरेण्ट संचालन भएको ।
३. एयरकण्डिसन भएको ।

४. तातो चिसो पानीको सुविधा भएको ।
५. २२०/५० AC, थ्री फेज विद्युत सप्लाई सुविधा भएको ।
६. कम्तिमा २५ प्रतिशत तालिम प्राप्त कर्मचारीहरु भएको ।
७. कर्मचारीको ड्रेस, आदि सुविधा भएको ।
८. कम्तिमा १ वटा वैठक कोठाको सुविधा भएको ।
९. सेकुरीटी स्टाफको व्यवस्था भएको ।
१०.टेलिफोन सुविधा भएको ।

## २ दुईतारे होटल

दुईतारे होटल भन्नाले एकतारे होटल भन्दा निम्न बढी सुविधाहरु भएको होटललाई बुझाउंछ ।

१. कम्तिमा २० कोठा भएको ।
२. टेलिभिजन सुविधा भएको ।
३. ५० प्रतिशत तालिम प्राप्त कर्मचारीहरु भएको ।
४. कम्तिमा आठ वटा कार पार्किङ्ग गर्ने आदि सुविधा भएको ।
५. टेलिफोन अपरेटरको व्यवस्था भएको ।
६. जेनेरेटरहरुको सुविधा भएको ।

## ३ तीनतारे होटल

तीनतारे होटल भन्नाले दुई तारे होटल भन्दा निम्न बढी सुविधा भएको होटललाई बुझाउंछ ।

१. कम्तिमा ३० वटा कोठा भएको ।
२. रिमोट कन्ट्रोल सहित रंगीन टेलिभिजन सुविधा भएको ।
३. प्रत्येक कोठामा टेलिफोन सुविधा भएको ।
४. लिफ्टको सुविधा भएको ।
५. ह्याण्डिकाफ्ट, बुटिक, गरगहना, आदि पसलहरु भएको ।
६. अग्नि निवारण यन्त्र इत्यादि सुविधा भएको ।
७. फ्याक्स र इमेल सुविधा भएको ।
८. कम्तीमा दुई वटा वैठक कोठाको सुविधा भएको ।

## ४ चारतारे होटल

चारतारे होटल भन्नाले तीनतारे होटल भन्दा निम्न बढी सुविधा भएको होटललाई बुझाउंछ ।

१. कम्तिमा ५० कोठा भएको ।
२. चौविसै घण्टा ढोकामा पालो पहरा भएको ।
३. खेलकूदको सुविधा भएको ।
४. प्रत्यक्ष सांगितिक सुविधा भएको ।
५. हजाम पसल, व्यूटी सेलुन,हेल्थ क्लब इत्यादि भएको ।
६. प्रत्येक कोठामा रेडियो, टेबुल घडी, नोट कपि, कलम, पत्र-पत्रिका भएको ।
७. कोठामा छुट्टै मिनीबार इत्यादि सुविधा भएको ।
८. मध्यम खालको पोडी पोखरीको सुविधा भएको ।

## ५ पाँचतारे होटल

पाँचतारे होटल भन्नाले चारतारे होटल भन्दा निम्न बढी सुविधा भएको होटललाई बुझाउंछ ।

१. कम्तिमा ७० कोठा भएको ।
२. कम्तिमा झण्डा राख्ने ६ वटा पोलहरु भएको ।
३. पौडी पोखरी भएको ।
४. प्रत्येक कोठामा आइ.एस.डी.सुविधा भएको ।
५. कम्तिमा १० कोठामा कम्प्युटर, इमेल, वेभ कनेक्सन इत्यादि सुविधा भएको ।

## २ रिजोर्ट :

रिजोर्ट भन्नाले पर्यटन उद्योग महाशाखाको मापदण्ड अनुसार वस्ती भन्दा टाढा, जंगली वा पहाडी इलाकामा खोलिएको हुनु पर्छ । रिजोर्टलाई तिन भागमा देहायनुसार वर्गिकरण गरिएको छ ।

१ जंगल रिजोर्ट, सफारी क्याम्प
२ टुरिष्ट रिजोर्ट
३ माउण्टेन रिजोर्ट

### १ जंगल रिजोर्ट, सफारी क्याम्प

जंगल रिजोर्ट, सफारी क्याम्प भन्नाले पर्यटन उद्योग महाशाखाले तोके वमोजिम वस्ती भन्दा टाढा, जंगल नजीक, हाइकिंग हात्ती सवारी, पत्र-पत्रिका पसल, ल्याण्डरोभर सफारी, कल्चर शो, पशुपंक्षी जनावर दृष्यावलोकन, खेलकूद सुविधा आदि भएको रिजोर्टलाई बुझाउँदछ ।

### २ टुरिष्ट रिजोर्ट

टुरिष्ट रिजोर्ट भन्नाले वस्ती भन्दा टाढा हाइकिंग, राइडिंग, खेलकूद, सांस्कृतिक कार्यक्रम, स्थानिय हस्त कलाका सामानको पसल इत्यादि सुविधा भएको रिजोट लाई बुझाउँदछ ।

### ३ माउण्टेन रिजोर्ट :

माउण्टन रिजोर्ट भन्नाले वस्ती भन्दा टाढा पहाडी इलाकामा भएको, हिमालहरुको दृष्याअवलोकन गर्न सकिने, क्लाइम्वींङ, राइडिंग, हाइकिंग, सांस्कृतिक भ्रमण, खेलकूल सुविधा, पत्र पत्रिका पसल, स्थानिय हस्तकलाको पसल इत्यादि सुविधा भएको रिजोर्टलाई बुझाउंछ ।

## ३ नन्स्टार होटल :

नन्स्टार होटल भन्नाले माथि उल्लेख गरिएका स्टार होटल एवं रिजोर्टहरु वाहेक अन्य होटल तथा लजहरुलाई जनाउदछ । जसलाई देहायनुसार दुई भागमा वर्गिकरण गरिएको छ ।

१ होटल तथा लज
२ लज मात्र

### १ होटल तथा लज

होटल तथा लज भन्नाले माथि उल्लेखित स्टार होटल, रिजोर्ट वाहेकका खाने र सुत्ने दुबै सुविधा भएकालाई बुझाउँदछ ।

### २ लज

लज भन्नाले सुत्ने मात्र सुविधा भएकालाई बुझाउँदछ ।

स्टार होटल, रिजोर्ट र होटल तथा लज को माथि वर्गिकरण गरिए अनुसार यस महलमा जुन वर्गिकरणको स्टार होटल, रिजोर्ट वा होटल तथा लज हो सोही नम्वर उल्लेख गर्नु पर्दछ । जस्तै :

**तारे होटल**

| | |
|---|---|
| एकतारे होटल भएमा | १ |
| दुईतारे होटल भएमा | २ |
| तीनतारे होटल भएमा | ३ |
| चारतारे होटल भएमा | ४ |
| पाँचतारे होटल भएमा | ५ लेख्ने । |

**रिजोर्ट**

| | |
|---|---|
| जंगल रिजोर्ट , सफारी क्याम्प भएमा | १ |
| टुरिष्ट रिजोर्ट भएमा | २ |
| माउण्टेन रिजोर्ट भएमा | ३ लेख्ने । |

**<u>होटल तथा लज</u>**

| | |
|---|---|
| होटल तथा लज भएमा | १ |
| लज मात्र भएमा | २ लेख्ने । |

**५. कोठा संख्या :**

यस महल अन्तर्गत होटल तथा लजमा पाहुनाहरु सुत्ने प्रयोजनका लागि छुट्याइएका कोठाहरुको संख्या लेख्नु पर्दछ ।

**६. वेड संख्या :**

यस महल अन्तर्गत उक्त होटल तथा लजमा पाहुनाहरु सुत्ने प्रयोजनका लागि छुट्याइएका वेडहरुको संख्या लेख्नु पर्दछ ।

**<u>होटल तथा लजको ठेगाना</u>**

**७. गा.वि.स./न.पा. :**

यस महलमा होटल तथा लज रहेको गा.वि.स. वा न.पा. को नाम लेख्नु पर्दछ ।

**८. गाउँ / टोल :**

यस महलमा होटल तथा लज रहेको गाउँ, टोलको नाम लेख्नु पर्दछ ।

**९. वडा नं. :**

यस महलमा होटल तथा लज रहेको गा.वि.स. अथवा न.पा. को वडा नं. लेख्नु पर्दछ ।

**१०. फोन नं. :**

यस महलमा होटल तथा लजले टेलिफोन प्रयोग गरेको भए सो टेलिफोन नम्वर लेख्नु पर्दछ ।

**११. प्रोपराइटर/मेनेजरको नाम :**

यस महलमा सम्वन्धित होटल तथा लजको प्रोपराइटर/मेनेजरको नाम उल्लेख गर्नु पर्दछ ।

**<u>कामदार संख्या</u>**

यस महलमा उक्त होटल तथा लजमा जम्मा कामदार संख्या कति छन खुलाउनु पर्दछ । कामदारको संख्या खुलाउँदा लगत सूचि संकलन गर्न गएको दिनमा काम गर्ने कामदारको संख्या खुलाउने ।

तलवी

तलवी कामदार संख्या अन्तर्गत यस महलमा तलव पाउने गरी राखिएका कामदार कति छन सो लेख्नु पर्दछ ।

**१२. पुरुष :**

तलवी कामदार अन्तरगत यस महलमा तलव पाउनेगरी राखीएका जम्मा पुरुष कामदारको संख्या लेख्नु पर्दछ ।

**१३. महिला :**

तलवी कामदार अन्तरगत यस महलमा तलव पाउनेगरी राखिएका जम्मा महिला कामदारको संख्या लेख्नु पर्दछ ।

**तलव नलिने**

कामदार संख्या अन्तर्गत यस महलमा तलव नलिने घर परिवारका वा अन्य कामदार कति छन सो लेख्नु पर्दछ ।

**१४. पुरुष :**

तलव नलिने कामदार अन्तरगत यस महलमा तलव नलिने घर परिवारका वा अन्य पुरुष कामदारको संख्या लेख्नु पर्दछ ।

**१५. महिला :**

तलव नलिने कामदार अन्तरगत यस महलमा तलव नलिने घर परिवारका वा अन्य महिला कामदारको संख्या लेख्नु पर्दछ ।

**१६. जम्मा :**

कामदार संख्या अन्तर्गत यस महलमा महल (१२), (१३), (१४) र (१५) को जम्मा गरी लेख्नु पर्दछ ।

**१७. कैफियत :**

यस महलमा उक्त होटल तथा लज सम्वन्धि अन्य आवश्यक कुरा खुलाउनु पर्ने भएमा लेख्नु पर्दछ ।